# ईन्द्रावती राजपत्र

## कडा रोग लागेका गाउँपालिकावासीहरु लाई अनुदान दिने सम्वन्धी निर्देशिका, २०७७

गाउँकार्यपालिका बैठकबाट पारित मितिः २०७७।७।२३

## कडा रोग लागेका गाउँपालिकावासीहरु लाई अनुदान दिने सम्वन्धी निर्देशिका, २०७७

**प्रस्तावनाः ईन्द्रावती गाउँ**पालिका क्षेत्र भित्र स्थायी वसोवास गर्ने गाउँपालिकावासीहरु मध्ये कडा रोगले ग्रस्त भई अपचाररत भएको अवस्थामा निजहरुलाई राहत स्वरुप स्वास्थ्य उपचार अनुदान दिन वाञ्छनिय भएको हुँदा सो प्रयोजनार्थ यो निर्देशिका वनाई लागू गरिएकोछ ।

**१. संक्षिप्त नाम र परिभाषाः**

१.१ संक्षिप्त नामः यो निर्देशिकाकोको नाम **कडा रोग लागेका गाउँपालिकावासीहरु लाई अनुदान दिने सम्वन्धी निर्देशिका, २०७७"** रहेको छ ।

१.२ कडा रोग भन्नाले क्यान्सर रोग लागेर किमो वा रेडियो थेरापी गराई रहेको अवस्था, मुटु सम्वन्धी रोग लागेर एनजिओप्लाष्टी गर्ने देखि मुटु सम्वन्धी अपरेशन गर्नु पर्ने अवस्था, मृगौला सम्वन्धी रोग लागी मृगौला फेर्न अपरेशन गर्नु पर्ने अवस्था वा मृगौला फेल भई डायलाईसिस गराई रहेको अवस्था र मष्तिष्कघात रोग, स्पाईनल ईन्जिुरी, हेड इृन्जुरी तथा सिकलेस एनिमिया, पार्किन्सन्स, अल्जाईमर्स सम्वन्धी रोग भन्ने सम्झनु पर्नेछ ।

**यो ऐन गाउँ सभाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।**

१.३ अनुदान भन्नाले ईन्द्रावती गाउँपालिकाले कडा रोग लागेका विरामीहरुलाई दिईने आर्थिक सहयोगलाई जनाउँदछ ।

१.४ अनुदानग्राही भन्नाले ईन्द्रावती गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा वसोवास गर्ने कडा रोग लागेका गाउँपालिकावासीलाई सम्झनु पर्दछ ।

१.५ निर्देशिका भन्नाले ईन्द्रावती गाउँपालिकाको कडा रोग लागेका गाउँपालिकावासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्वन्धी निर्देशिका २०७७ लाई सम्झनु पर्दछ ।

१.६ डायलाईसिस भन्नाले मृगौला रोग लागेका विरामीलाई अस्पतालवाट प्रदान गरिने हेमो डाईलाईसिस र पेरिटोनियल डाईलाईसिस उपचार सेवालाई बुझ्नु पर्दछ ।

१.७ आर्थिक प्रशासन शाखा भन्नाले ईन्द्रावती गाउँपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ ।

२. कडा रोग लागेका गाउँपालिकावासीहरुलाई स्वास्थ्य उपचार अनुदान दिने सम्वन्धी व्यवस्थाः

२.१ यस निर्देशिकाको दफा १.४ अनुसारका अनुदानग्राहीहरुलाई एक रोगको लागि एक पटक मात्र रु १५०००। (अक्षेरेपिः पन्त्रहजार रुपैयाँ मात्र) स्वास्थ्य उपचार अनुदान देहाय बमोजिम उपलव्ध गराईनेछ ।

क. कडा रोग लागेका अनुदानग्राही वा निजको तर्फवाट नजिकका नातेदारले ईन्द्रावती गाउँपालिकाकवाट स्वास्थ्य उवपचार अनुदान प्राप्त गर्न अनुसूची १ बमोजिमको निवेदन र आवश्यक कागजात संलग्न गरी सम्वन्धित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ख. कडा रोग लागेका अनुदानग्राही वा निजको तर्फवाट नजिकका नातेदारले ईन्द्रावती गाउँपालिकावाट स्वास्थ्य उपचार अनुदान प्राप्त गर्न अनुसूची २ बमोजिमको निवेदन र आवश्यक कागजात संलग्न गरी गाउँपालिकामा निवेदन गर्नु पर्नेछ ।

ग. दफा २.१.ख. बमोजिमको कागजातहरु पुरा भएको अवस्थामा गाउँपालिका अध्यक्षवाट स्वास्थ्य उपचार अनुदानको लागि कार्यालयलाई तोक आदेश हुनेछ ।

घ. दफा २.१.ग. बमोजिमको कागजातहरु गाउँपालिका अध्यक्ष समक्ष पेश भए पछि स्वास्थ्य शाखावाट अनुदानको लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।

ङ. दफा २.ज्ञ.३ बमोजिम उपलब्ध गराईएको अनुदान रकम ईन्द्रावती गाउँ कार्यपालिका बैठकवाट अनुमोदन गराईनेछ ।

**अनुसूची -१**
**स्वास्थ्य उपचार अनुदान माग गर्न वडा कार्यालयमा पेश गर्ने निवेदन**

**मितिः.....................**

**श्रीमान अध्यक्षज्यू**
**......वडा कार्यालय**
**ईन्द्रावती गाउँपालिका ।**

**विषयः सिफारिस पाउँ ।**

उपरोक्त सम्वन्धमा सिन्धुपाल्चोक जिल्ला, ईन्द्वावती गाउँपालिका वडा नं....... बस्ने म निवेदक/मेरो....................................................लाई कडा रोग..............................लागि हाल.....................................अस्पतालमा उपचार गराई रहेको हुँदा ईन्द्रावती गाउँपालिकाको कडा रोग लागेका गाउँपालिकावासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्वन्धी निर्देशिका २०७७ को दफा १.२ बमोजिम उपलब्ध हुने स्वास्थ्य उपचार अनुदान पाउन ईन्द्रावती गाउँपालिकाको नाममा सिफारिस पाउँ भनि यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलगन कागजातहरु**
क) विरामीको नागरिकता प्रमाण पत्र/जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि ।
ख) निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ग) अस्पताल भर्ना भई उपचार गराई रहेको कागज वा सम्वन्धित अस्पतालले रोग प्रमाणित गरेको कागज वा कडा रोग लागेको अन्य कुनै कागजातको प्रतिलिपि ।

**निवेदक**
**नामथरः**
**ठेगानाः**
**हस्ताक्षरः**
**सम्पर्क नंः**

## अनुसूची -१
## स्वास्थ्य उपचार अनुदान माग गर्न वडा कार्यालयमा पेश गर्ने निवेदन

**मितिः.....................**

**श्रीमान अध्यक्षज्यू**
**ईन्द्रावती गाउँपालिका ।**

**विषयः स्वास्थ्य उपचार अनुदान पाउँ ।**

उपरोक्त सम्वन्धमा सिन्धुपाल्चोक जिल्ला, ईन्द्ावती गाउँपालिका वडा नं....... बस्ने म निवेदक/मेरो..................................................लाई कडा रोग...............................लागि हाल....................................अस्पतालमा उपचार गराई रहेको हुँदा ईन्द्रावती गाउँपालिकाको कडा रोग लागेका गाउँपालिकावासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्वन्धी निर्देशिका २०७७ को दफा १.२ बमोजिम उपलव्ध हुने स्वास्थ्य उपचार अनुदान पाउन सम्वन्धित वडा कार्यालयको सिफारिस सहित यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलगन कागजातहरु**

क) विरामीको नागरिकता प्रमाण पत्र/जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि ।
ख) निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ग) अस्पताल भर्ना भई उपचार गराई रहेको कागज वा सम्वन्धित अस्पतालले रोग प्रमाणित गरेको कागज वा कडा रोग लागेको अन्य कुनै कागजातको प्रतिलिपि ।

**निवेदक**
**नामथरः**
**ठेगानाः**
**हस्ताक्षरः**
**सम्पर्क नंः**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**